नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

प.सं. ७६।७७

च.नं. ११४

विषयः- सूचना ।

मितिः २०७६।११।२१

श्री स्थानीय तह (सबै)

(मार्फत संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी देहाय बमोजिमको सूचना आवश्यक कार्यर्थ पठाएको व्यहोरा मिति २०७६।११।१९ को निर्णयानुसार अनुरोध छ:-

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.npबाट प्राप्त गर्न सकिने छ ।

डा. लोकनाथ भुसाल

उपसचिव

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नं. ०१-४२००४७७ फ्याक्स नं. ०१-४२११८७७ Email :info.pmep.np@gmail.com Website: pmep.gov.np

• नतिजामुखी प्रशासनः समृद्धि र सुशासन•